# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) राप्ती उपत्यका (देउखुरी), नेपाल, पुष ०४ गते, २०८१ साल (संख्या १०)


# भाग २

## लुम्बिनी प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

## राप्ती उपत्यका (देउखुरी), नेपालको

## सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०७।१३ को निर्णयबाट स्वीकृत **“अस्पताल विकास समिति (गठन तथा सञ्चालन) (पहिलो संशोधन) नियमावली २०८१”** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# अस्पताल विकास समिति (गठन तथा सञ्चालन) (पहिलो संशोधन) नियमावली, २०८१

**प्रस्तावनाः** अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

स्वास्थ्य संस्था स्थापना सञ्चालन तथा स्तरोन्नती ऐन, २०७६ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "अस्पताल विकास समिति (गठन तथा सञ्चालन) (पहिलो संशोधन), नियमावली २०८१ " रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली २०८० मा संशोधनः** अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८० (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को-,

(१) उपनियम (१) को "अस्पताल" भन्ने शब्दको सट्टा "अस्पताल, आयुर्वेद चिकित्सालय र आयुर्वेद स्वास्थ्य केन्द्र" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) को-,

(क) खण्ड (क) मा रहेका "पन्ध्र वर्ष" भन्ने शब्दहरुको सट्टा "दश वर्ष" भन्ने शब्दहरुको राखिएका छन्।

(ख) खण्ड (ख) मा रहेका "एक जना महिला सहित दुई जना" भन्ने शब्दहरुको सट्टा "एक जना महिला" राखिएका छन्।

(ग) खण्ड (ग) मा रहेको "प्रमुख/अध्यक्ष वा निजले तोके स्थानीय तहको कार्यपालिकाको सदस्य एक जना" भन्ने शब्दहरुको सट्टा "अस्पताल रहेका स्थानीय तहको प्रमुख/उपप्रमुख वा अध्यक्ष/उपाध्यक्ष एक जना" भन्ने शब्दहरु राखिएका छन्।

(घ) खण्ड (ङ), (च), (छ) हटाईएको छ।

(ङ) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) अस्पताल/आयुर्वेद चिकित्सालय वा आयुर्वेद स्वास्थ्य केन्द्र प्रमुख - सदस्य सचिव"

(३) उपनियम (२) हटाइएको छ।

(४) उपनियम (३) हटाईएको छ।

(५) उपनियम (५) मा रहेका "चार वर्ष" भन्ने शब्दहरुको सट्टा "तीन वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

३. <u>मूल नियमावलीको नियम १९ मा संशोधनः</u> मूल नियमावलीको नियम १९ मा रहेका "प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी" भन्ने शब्दहरु झिकिएका छन्।

**आज्ञाले,**
**डा. वासुदेव उपाध्याय**
**प्रदेश सरकारको सचिव**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी),नेपालमा, मुद्रित।
मूल्य रु. ५|-